

# अध्याय -१२

## परमेश्वरको निम्ति शक्तिसम्पन्न भएर उभिन आह्वान

**यस अध्यायका मूल पदहरु: एफिसी ६:१०-२०; व्यवस्था २०:२-४; रोमी १३:११-१४; १ थेस्सोलिनिकी ५:६-८; १ कोरन्थी १५:२३,२४।**



**यस अध्यायको मूल सार पदः "अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर।" एफिसी ६:१०-११।**

अगमवक्ता एलिशालाई पक्रन सयौं सस्त्रअस्त्रले सुसज्जित सेनाहरू उनकन घरको परिपरि घेरिएका थिए। सेनाका जठ्ठा, घोडा र युद्धका बग्गीहरू जताततै थिए। उनका चाकर गेहजीले आँखा तिर्मिराउँदै तिनीहरूलाई देखेर सातोपुत्लो गएको थियो। बरबराउँदै एलिशाकहाँ आएर यो हैरान पार्ने प्रश्न उसले गऱ्यो, "हे, स्वामी, अब हामी के गर्ने?

एलिशाले जवाफ दिए, "नडराउ, किनभने हाम्रो पक्षमा ती सैनिकहरूभन्दा धेरै छन्।" तर चाकरको अनुहार हेरेर उसले विश्वास नगरेको उनले थाहा पाउँछन्। उसलाई अगाडि तानेर, एलिशाले प्रार्थना गर्छन्: "हे प्रभु, उसका आँखाहरू खोलिदिनुहोस् र उसले देखुन्!" अगमवक्ताको प्रार्थनाको

जवाफ तुरन्तै पाउँछन्। चाकर ढोकाबाट बाहिर निस्कन्छ। यस बेला बाहिरको दृश्य र उसको आँखामा भएको पर्दा खोलिन्छ। उसले अब एक फौज होइन दुई फौज देख्छ। " जब एलीशाले यसो भनेर प्रार्थना गरे, “हे परमप्रभु, यसको आँखा खोलिदिनुहोस्, र यसले देखोस्,” तब परमप्रभुले त्यस चाकरको आँखा खोलिदिनुभयो, र त्यसले एलीशाका वरिपरिका डाँड़ाहरू अग्निमय घोड़ाहरू र रथहरूले भरिएका देख्यो।" २ राजाहरू ६:१५-१७।

एफिसी ६:१०-२० रचिएको बेलामा पावलले विश्वासीहरूका आँखा खोलियोस् भनेर प्रार्थना गर्छन्। ती विश्वासीहरूले परमेश्वर र सैतानको बीचमा भइरहेको भिषणद्वन्द्वको बास्तविकतालाई देख्न सकोस् र तिनीहरूलाई प्रकट गरेको सन्देशले तिनीहरूलाई आशा मिलोस् भन्ने पावलको चाहना थियो।

## १. युद्धभूमिमा भाषण

**पावलले एफिसीको पत्रको निश्कर्ष एफिसी ६:१०-२० थर्किने शैलीमा लेख्दछन्। आज हामीपनि महान् विवादको चलखेलमा होमिएकोले युद्धभूमिमा हामीले पनि उठाउनुपर्ने चर्को आवाजको अर्थ के हो? हेर्नुहोस्, "१० अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। ११ दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। १२ किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो। १३ यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ। १४ यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, १५ र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। १६ साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। १७ मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो। १८ सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो। १९ मेरो निम्ति पनि प्रार्थना गर, कि जब म आफ्नो मुख खोल्छु तब मलाई वचन दिइओस्, र म निर्भयतासाथ सुसमाचारको**

**रहस्य घोषणा गर्न सकूँ, २० जसको निम्ति म साङ्लाले बाँधिएको एक राजदूत हुँ, र जसरी मैले बोल्नुपर्ने हो, त्यसरी म साहससँग बोल्न सकूँ।"**

अन्धकारका दुष्ट फौजहरूसँग युद्ध गर्न चर्च र विश्वासीहरू बलबान भएर खडा होओस् भनेर आह्वान गर्दै उनको एफिसीको पत्र अन्त्य गर्दछन्। परमेश्वरका सशक्त होउ (एफिसी ६:१०) भन्ने अर्तीबाट पावलले आफ्नो आग्रह सुरु गर्छन्। परमेश्वरका सारा हातहतियारहरूले सुसज्जि होस् भनेर उनले आफ्नो आह्वान दोहोऱ्याउँछन् (एफिसी ६:११)। विशेष लक्ष्यलाई औँल्याउँदै पावलले आह्वान गर्दछन्ः सैतानका युक्तिहरूको बिरुद्धमा खडा हुन (एफिसी ६:११) र सैतान र उसका दुष्ट शक्तिशाली, आत्मिक फौजहरूसँग युद्ध गर्न अस्त्रहरू भिर्न। कुनकिसिमको अस्त्रहरू भिर्नुपर्छ भनेर उनले विस्तृतरूपमा बताउँछन्। युद्धमा निडर भएर खडा हुन विश्वासीहरू परमेश्वरको सम्पूर्ण हतियार भिर्नुपर्छ, जुन कम्मर पेटी, छातीपाटा, जुत्ता, ढाल, मुकुट र तरवार हुन् (एफिसी ६:१४-१७)। विश्‌वासीहरू हतियारहरू पूरै भिरेर युद्धभूमिमा लडाइँ गर्न तयार होउ भनेर पावलले विश्वासीहरूलाई आह्वान गर्दछन्। पौराणिक सेनाहरूले पनि त्यही खालका अस्त्रहरू भिरेर संग्रामभूमिमा जान्थे। युद्धभूमिमा साहस बढाउन प्रार्थना गर भनेर पावलले आग्रह गर्दछन्।

पुरानो करारमा युद्धमा जानुभन्दा अघि राजाले युद्धको निम्ति भाषण गर्दथे। त्यही खालको नीति अपनाउँदै पावलले पनि चर्चको लक्ष्य भनेको सैनिक द्वन्द्व हो र त्यसको निम्ति हतियारहरू भिर्नुपर्छ भनेर आह्वान गर्छन्। उनले यो आदेश दिँदै चर्च र विश्वासीहरूलाई सुऱ्याउँछन्ः "प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ।" एफिसी ६:१०।

पुरानो करारका सैनिकहरू युद्धभूमिमा जानुभन्दा अघि अगुवाहरूले तिनीहरूलाई साहस दिने वचनहरू दिन्थे (उदाहरणमा, व्यवस्था २०:२-४; न्यायकर्ता ७:१५-१८; २ इतिहास २०:१३-२०; २ इतिहास ३२:६-८; नेहम्याह ४:१४,१९,२०)। ती साहस दिने वचनहरूमा इस्राएलको युद्धको सफलता तिनीहरूको बल र आफ्नो हतियारहरूमा होइन भनेर उल्लेख गरिएको हुन्थ्यो किनकि शत्रुहरूको हतियार र सैनिक तिनीहरूको भन्दा धेरै हुन्थ्यो। तर, तिनीहरूको विजय परमेश्वरको उपस्थिति र शक्तिमा भरपर्छ भनेर सुनाउँथ्यो। युद्धभूमिमा हासिल गर्ने सफलता आत्मस्वाभिमान वा आत्मबलमा होइन तर परमेश्वरको शक्तिमा अटल विश्वास राखेर र उहाँद्वारा नै सफल उपलब्ध गराउने सर्तमा हुन्थ्यो। ती विषयबस्तुहरूलाई प्रयोग गर्दै पावलले

विश्वासीहरूलाई यो अर्ती दिन आँट गर्दछन्: (१) चर्चको लक्ष्य र कार्यक्रममा सक्रिय भएर अघि बढ; (२) तिनीहरूको जीवन र गवाहीलाई प्रभाव पार्ने अदृश्य आयामहरूप्रति चनाखो होउ; (३) तिनीहरूको सफलताको निम्ति परमेश्वरको प्रावधनाप्रति सजग हुनु; र (४) विश्वासीहरूको बीचमा जहिले पनि एकताको सूत्रमा रहनु जसले गर्दा सैतानसँगको युद्धमा एकजुट हुनसकोस्।

**हाडछाला भएको मानव प्राणीसँग हाम्रो युद्ध होइन भनेर पावलले हामीलाई किन चेतवनी दिन्छन्? तर हाम्रो युद्ध भनेको अदृश्य अलौकिक शत्रुहरूसँग हो। त्यसले गर्दा तिनीहरूसँग युद्ध गर्दा हामी विजयको आशा परमेश्वरमात्रै हुन्छ भनेर कसरी प्रतिवद्धता जनाइरहने?**

## २. ख्रीष्टमा पाउने बल

पत्रको पूरै विषय र धारणाहरू समत्दै पावलले आफ्नो पत्र अन्त्य गर्छन् तर युद्धको निम्ति शक्तिशाली आह्वान गर्दै। आफ्नो पत्रको अन्त्यमा प्रभावकारी विषयलाई औंल्याउँछन्, उनी युद्धको सेनापतिले जस्तै युद्धका निम्ति आह्वान गर्छन्: "अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ।" एफिसी ६:१०। बाँकि एफिसी ६:११-२०ले एफिसी पुस्तकको वृहत विषयलाई खोल्दछन् र चित्रण गर्दछन्।

**एफिसी ६:१०-२० फेरि पढ्नुहोस्। यसमा परमेश्वर र सैतानको बीचमा भइरहेको भिषणयुद्धको वास्तविकतालाई कसरी हेर्नुहुन्छ? कुनै मनगढन्ते नभएर वास्तविक अलौकिक शक्तिहरूको बीचमा भइरहेको संग्रामलाई ती पदहरूले खुलासा गरेका छन्। परमेश्वरसँगको दैनिक हिँडाइमा यो निर्णायक सत्य हाम्रो अगाडि राखिराख्नु किन महत्त्वपूर्ण छ?**

येशू ख्रीष्ट विश्वासीहरूको शक्तिको स्रोत हुनुहुन्छ भनेर पावले उहाँलाई परिचित गराउँछन्। उनले भन्छन्, "प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ।" एफिसी ६:१०। "प्रभु" भनेर पावलले ख्रीष्टलाई सम्बोधन गर्छन्। एफसीभरी उनले येशूलाई त्यरी नै सम्बोधन गर्छन् (एफिसी २:२१; एफिसी ४:१,१७; एफिसी ५:८; एफिसी ६:१,२१)। "चर्चको बल नै उनको पुनरुत्थान हुनुभएको प्रभुको शक्तिमा भर पर्छ। उहाँ चर्चले गरिने युद्धको सेनापति हुनुहुन्छ।"-जी.जी. फिन्डले, द *इपिस्टल टु द इफिसियनस्,* न्यु योर्क: रे लङ्ग, १९३१, पृ. ३९८।

एफिसी ६:१०मा प्रयोग गरृको शक्ति र बल चर्चका सदस्यहरूको आफैमा होइन तर प्रभु येशूबाट आउँछ भनेर पावलले उल्लेख गर्दछन्। पत्रको महत्त्वपूर्ण विषयलाई पावलले र संक्षिप्तरूपमा यहाँ व्याख्या गर्छन्, परमेश्वरले आफ्नो शक्तिलाई विश्वासीहरूलाई बाँड्नुहुन्छ (एफिसी १:१९-२२;२:४-६;३:१६,१७)। वर्तमान होस् वा भविष्यमा होस् विश्वासीहरूको प्रत्येक संघर्षमा पाउने बल पुनरुत्थान हुनुभएको र उचलिएको ख्रीष्टसँगको एकवद्धतामा पाइन्छ।

विश्वासीहरूलाई शक्तिसम्पन्न बनाउन ख्रीष्ट सक्रिय हुनुहुन्छ (एफिसी ६:१०) भनेर सुरुमा भनेपनि सबै त्रिएक परमेश्वर नै विश्वासीहरूको दुष्टसँगको आत्मिक संघर्षमा बल दिँदै सम्मिलित भएका छन् भनेर बुझाउँछ। परमेश्वर पिता आफ्नै अस्त्र उपलब्ध गराउनुहुन्छ जसलाई "परमेश्वरका हतियारहरू" (एफिसी ६:११-१३; यशैया ५९:१७) भनेर सम्बोधन गरिन्छ। अनि पवित्र आत्माले विश्वासीहरूको प्रार्थना परमेश्वरकहाँ पुऱ्याउँदै बल दिनुहुन्छ। पावलले बताउँछन्, "म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्।" एफिसी ३:१६। पवित्र आत्माले विश्वासीहरूलाई तरवार उपलब्ध गराउँछन्, "पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो।" एफिसी ६:१७। विश्वासीहरू पवित्र आत्मामा सधैं प्रार्थना गर्नुपर्छ (एफिसी ६:१८)। दुष्टका शक्तिहरूसँग युद्ध गर्न त्री-एक परमेश्वर नै समावेश भएका छन् भनेर आफ्ना पाठकहरूले बुझोस् भन्ने पावलको चाहना छ।

## ३. परमेश्वर र सैतानको बीचमा भइरहेको महान् बिवाद पावलका पत्रहरूमा चर्चा

**एफिसी ६:१०-२०सँग तुलना गरेर रोमी १३:११-१४, १ थेस्सोलिनिकी ५:६-८ र २ कोरन्थी १०:२-६ पढ्नुहोस्। ती चित्रणहरू पावलले किन प्रयोग गरे होलान्? "११ यसबाहेक यो वर्तमान समय कस्तो छ, सो तिमीहरूलाई थाहा छ। अब निद्राबाट ब्यूँझने ठीक बेला आइपुगेको छ, किनकि हामीले पहिले विश्वास गरेको भन्दा अहिले हाम्रो मुक्ति अझ नजिक छ। १२ रात बितिसक्यो, र दिन नजिकै आइपुगेको छ। यसकारण अन्धकारका काम छोड़ेर हामी ज्योतिका हातहतियार धारण गरौं। १३ दिउँसोजस्तै गरी हामी ठीकसँग चलौं। मोजमज्जामा, पियक्कडपनमा, व्यभिचारमा, भ्रष्टाचारमा, झगड़ामा र डाहमा होइन। १४ तर प्रभु येशू ख्रीष्टलाई धारण गर, र पापमय**

**स्वभावको अभिलाषा पूरा गर्ने कुरामा ध्यान नदेओ।" रोमी १३:११-१४; "६ यसकारण अरूहरूझैं हामी नसुतौं, तर जागा बसौं, र सचेत होऔं। ७ किनकि सुत्नेहरू रातमा सुत्छन्, र मद्य पिएर मात्नेहरू रातैमा मात्छन्। ८ तर हामीचाहिँ दिनका हुनाले हामी सचेत होऔं, र विश्वास र प्रेमका छातीको पाता र मुक्तिका आशाको टोप लगाऔं।" १ थेसलोनिकी ५:६-८; "३हामी संसारका हौं, तापनि सांसारिक लड़ाइँ त लड्दैनौं। ४ किनकि हाम्रो युद्धका अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरू नाश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ। ५ परमेश्वरका ज्ञानको विरुद्धमा खड़ा हुने बहसहरू र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं। ६ तिमीहरूको आज्ञाकारिता पूरा भएपछि हरेक अनाज्ञाकारितालाई दण्ड दिन हामी तयार बस्नेछौं।" २ कोरिन्थी १०:३-६।**

आफ्नो पत्रमा पावलले बारम्बार सैनिकको लवज र चित्रण गरेको पाइन्छ। विश्वासीहरू सिपाहीं जस्तो व्यवहार गर्नुपर्छ भनेर उनले आह्वान गर्दछन्। सुसमाचारको बारेमा प्रष्टसँग जानकारी दिन पावलले एफिसी ६:१०-२०मा सैनिक शैलीको लामो लवज प्रयोग गर्दछन्। "उहाँले प्रधानताहरू र शक्तिहरूलाई निःशस्त्र पारी ती सबैमाथि क्रूसमा विजय प्राप्त गर्नुभयो, र तिनलाई खुल्लमखुल्ला तमाशा बनाइदिनुभयो।" कलस्सी २:१५। अब "त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, १० कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नुपर्छ, ११ र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ।" फिलिप्पी २:९-११। उहाँले आफ्ना जनहरूलाई जगतको युद्धको निम्ति भर्ना गर्नुहुन्छ। येशूले ज्योतिका सैनिकहरूलाई महान् बिजय दिनको निम्ति अगुवाइ गर्नुहुन्छ (१ कोरन्थी १५:५४-५८, २ थेस्सोलिनिकी २:८, रोमी १६:२०)। सैनिकको प्रतिकलाई प्रयोग गरेर पावलले यो बुझेको पाइन्छ कि जगतव्यापी असल र खराबको युद्ध "लामोसमयसम्म रहनेः दुई सैनिक दलहरूको बीचमा मुखामुख गरेर भइरहेको युद्ध एक दलले नजितिउँञ्जेल युगौं युगसम्ममा चलिन रहनेछ।"- पिटर डब्ल्यु माकी, *सेन्ट पावलस कसमिक वार मिथः मिलिटरी भरजन अभ द गस्पल,* न्यु योर्कः पिटर, १९९८, पृ. १।

जगतव्यापी युद्धको बारेमा गरिने चर्चामा पावलले एफिसीको पत्रमा प्रयोग गरिएका छन्। उनले अस्त्र-शस्त्र भिंड (एफिसी ६:१०-२०) भनेर उनले

प्रयोग गरेको जगतव्यापी द्वन्द्वका तत्वहरू जम्मा गर्दछन्: परमेश्वरले विश्‍वासीहरूलाई युद्ध गर्न सशक्त बनाउनुहुन्छ (एफिसी १:१८-२०); एफिसी ३:१६,२०); अन्धकारका शक्तिहरूमाथि ख्रीष्टको विजय र उहाँले ती शक्तिहरूमाथि उचालिनुभएको (एफिसी १:२०-२३); विश्‍वासीहरू एक पल्ट मरिसकेका तर पुनरुत्थान भएका सैनिकहरू जो उच्च पारिनुभएको ख्रीष्टसँग पहिचान गराउन शक्तिसम्पन्न गराइएको र अब तिनीहरूको विगतका अन्धकारको मालिक वा सैतानसँग युद्ध गर्न सशक्त बनाइएको (एफिसी २:१-१०); ती अन्धकारका शक्तिहरूको नाश हुने सुनिश्‍चित भएको प्रकट गर्ने चर्चको भूमिका (एफिसी ३:१०); भजन ६८:१८लाई प्रयोग गरेर येशू ईश्‍वरीय बिजयी यौद्धा (एफिसी ४:७-११); र विश्‍वासीहरूलाई सुसमाचारको वस्त्र धारण गर्न आह्वान (एफिसी ४:२०-२४)। जब परमेश्‍वरको पूरा अस्त्र-शस्त्र भिर्न हामीलाई आह्वान गरिन्छ तब जगतव्यापी युद्धमा हाम्रो पनि हाम्रो भूमिका मूख्य भएको देखाउँछ, साथै ख्रीष्टले अन्तमा बिजय पाउनुहुनेछ भन्ने आश्‍वासनमा दृढ रहेर हामी विश्‍वासमा अटल भएर बस्नु आवश्यक भएको ठान्नुपर्दछ।

**यस जगतव्यापी युद्धको वास्तविकता तपाईं आफैले कुन कुन तरिकाले अनुभव गर्नुभएको छ? ख्रीष्टमा रहेर हामी विजयी हुने कस्तो दावी गर्न सक्छौं? हाम्रो आशा र अनुभवको जग नै उहाँको विजयलाई बुझ्न सक्नु किन आवश्यकता छ?**

## ४. पौराणिक रणभूमिमा युद्ध गर्न जम्मा हुनु

**एफिसि ६:१०-२० फेरि पढ्नुहोस्। यसबेला पावलले प्रयोग गरेको क्रियापद "उभिनु वा खडा हुनु" भन्ने प्रयोग गरेको विभिन्न शैलीहरूलाई सोच्नुहोस्। उनको निम्ति यो धारणा किन महत्त्वपूर्ण छ? "१० अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। ११ दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। १२ किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो। १३ यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ। १४ यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर**

**<u>खड़ा होओ</u>, १५ र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। १६ साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। १७ मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो। १८ सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो। १९ मेरो निम्ति पनि प्रार्थना गर, कि जब म आफ्नो मुख खोल्छु तब मलाई वचन दिइओस्, र म निर्भयतासाथ सुसमाचारको रहस्य घोषणा गर्न सकूँ, २० जसको निम्ति म साङ्लाले बाँधिएको एक राजदूत हुँ, र जसरी मैले बोल्नुपर्ने हो, त्यसरी म साहससँग बोल्न सकूँ।"**

जब पावलले सैनिकको प्रतिकलाई प्रयोग गर्छन् तब उनको वा पौराणिक समयमा युद्धमैदानमा हुने युद्धको परिवेशमा प्रयोग गरेको हामीले बुझ्नुपर्छ। "खडा हुनुको" अर्थ के हो (एफिसी ६:११,१३,१४)? के युद्धसँग प्रतिवाद गर्नमात्र खडा हुने हो त? पौराणिक साहित्यको प्रख्यात लेखक थसाइडिडसले युद्धको बारेमा वयानहरू लेखेका थिए। यदि लडाइँ जित्नुछ भने सैनिकहरूले युद्धभूमिमा भाषणहरू सुन्नुपर्छ। सफल युद्धको निम्ति क्रियाकलापहरू हुनुपर्छ भनेर उनले लेखेका छन्: (१) सैनिकहरू एक जत्था भएर शत्रुको सामना गर्न अघि बढ्नुपर्छ; (२) अनि तिनीहरूले द्रुतगतिले निडर भएर शत्रुसँग युद्ध गर्न हाताहात गर्नुपर्छ; (३) अन्तमा तिनीहरूले शत्रुलाई परास्त्र गर्नै पर्छ।" *द पेलोपोनिसियन वार,* न्यु योर्नः डट्टन, १९१०, ४.१०.१-५।

पौराणिक युद्धको मूख्य क्षण त्यसबेला हुन्छ जब दुई सेनाहरू आआफूसँग भएका हातहतियारहरूले अर्कोमाथि बज्राघात गर्छन्। त्यसबेलाको तिनीहरूको "टक्कर एकदम भिषण हुन्छ"- भिक्टोर देभिस हानसन, द वेस्टर्न वे अभ वार, न्यु योर्कः अक्सफोर्ड, १९८९, पृ. १५२,१५३। युद्धभूमिको मैदानमा अडिग भएर उभिनु पौराणिक युद्धको ठूलो चुनौती थियो। जब तिनीहरू मुखामुख भिड्छन् तब एकले अर्कोलाई दवाउन वा लखेट्न प्रयास गर्दथे।

युद्ध गर्न खडा होउ भन्ने पावलको आह्वानमा त्यस दृश्यलाई याद दिलाउँछ जब सिपाहीँहरू एक भएर शत्रुपक्षलाई सयौं मुक्का हान्थे।- भिक्टोर देभिस हानसन, *द वेस्टर्न वे अभ वार,* पृ. १५२। आफ्नो शत्रुसँग पनि चर्चले कुस्ताकुस्ती गर्नुपर्छ भनेर पावलले बताउँछ (एफिसी ६:१२)। खडा होउ भन्ने

कडा शब्द पावलले यसरी प्रयोग गर्छन्: "यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ।" एफिसी ६:१३।

यसको अर्थ हामी आरामसँग बस्ने होइन! "खडा हुनु" भनेको हामी युद्धभूमिमा जोशिलो र हट्टाकट्टा भएर लडाइँ गरिरहनु हो। हामीसँग भएका सबै अस्त्र-शस्त्र प्रयोग गरेर सैतानसँगको संग्राममा सिपाहीँ जस्तै खडा हुनुपर्छ। पावलले यो अर्ती दिन्छन्, "तिमीहरूका जीवनको चाल ख्रीष्टका सुसमाचारको योग्य होस्। म चाहे आएर तिमीहरूलाई देखूँ, चाहे अनुपस्थित रहूँ, म तिमीहरूका बारेमा यही कुरा सुन्न चाहन्छु, कि तिमीहरू एउटै आत्मामा दृढ़ बनी खड़ा भएका छौ, र एउटै मनका भई सुसमाचारको विश्वासको निम्ति मिलेर परिश्रम गर्दछौ।" फिलिप्पी १:२७।

**हिब्रू १२:४ पढ्नुहोस्। प्रभुमा खडा हुनु भनेको त्यस पदले निचौडमा कसरी बताउँछ? यसमा चर्चका सबै सदस्यहरू एकताको सूत्रमा रहेर किन खडा हुन आवश्यक छ? "पापको विरुद्धमा तिमीहरूले गरेका सङ्घर्षमा रगत बगाउनुपर्ने अवस्थासम्म तिमीहरू पुगेका छैनौ।" हिब्रू १२:४।**

## ५. दुष्टका शक्तिहरूसँग कुस्ताकुस्ती

**पावलले खराब वा दुष्ट आत्मिक शक्तिहरूलाई विभिन्न नाउँहरू दिएको छन्। एफिसी १:२१मा " शासन, र अधिकार, र शक्ति र राज्य" भनेका छन् भने एफिसी ३:१०मा " स्वर्गीय स्थानहरू शासकहरू र अख्तियारवाला" भनेर उल्लेख गरेकाछन्। एफिसी ६:१०-२०को पद १२मा यो उल्लेख गरिएको छ, "हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो।"**

जब पावलले "हाम्रो युद्ध वा संघर्ष" (एफिसी ६:१२) भन्ने शब्द प्रयोग गर्दा ग्रिक शब्द प्रयोग गर्दछन्। यो शव्द कुस्तीवाजहरू (*pale पेले*) प्रतिस्पर्धाको निम्ति कुस्ती खेल्नेमा प्रयोग गरिन्छ। युद्ध गर्नुभन्दा अघि मानिसहरू कुस्ती खेल्दथे। यो युद्धको निम्ति तयार हुने उत्कृष्ट तालिम थियो। विश्वासीहरू कुनै मनगढन्ते शक्तिसँग होइन वास्तविक अन्धकारका शक्तिहरूसँग संघर्ष गरिरहेकाछन् भनेर पावलले यकिन गर्न चाहन्छन्।
ती शक्तिहरू को हुन् भनेर पावलले यहाँ बताउँछन्:

| एफिसी १:२१ | एफिसी ३:१० | एफिसी ६:१२ |
|---|---|---|
| प्रत्येक शासक वा जसले शासन वा अख्तियार चलाउँछ | शासकहरू वा अख्तियारवालाहरू | शासक वा अख्तियारवालाहरू |
| प्रत्येक आधिकारी | आधिकारीहरू | आधिकारीहरू |
| प्रत्येक शक्ति | | बर्तमान अन्धकारका जगतव्यापी शक्तिहरू |
| प्रत्येक राज्य वा प्रभुसत्ता | | आकाशीय क्षेत्रहरूमा भएका दुष्टका आत्मिक शक्तिहरु |
| नामाङ्करण गरेको प्रत्येक नाउँ | | |

नामाङ्करण गरेको प्रत्येक नाउँ र स्वर्गीय वा आकशीय क्षेत्रहरूमा भएका आत्मिक दुष्ट फौजहरू भनेको अर्थ ती दुष्ट र अलौकिक शक्तिहरू ख्रीष्टको अधिनमा छ भनेर पावलले प्रतिवद्धता जाहेर गर्छन् (एफिसी १:२१)। यद्यपि, कुनै पनि युद्धमा शत्रु पक्षको शक्तिलाई कमजोर ठान्नु असल रणनीति होइन। हामी केवल मानवीय शत्रुहरू वा सुसमाचारलाई प्रतिरोध गर्नेहरूसँगमात्र होइन "हामीहरूको युद्ध शरीर र रगतको विरुद्धमात्र होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टयाइँका आत्मिक सेनाहरूका विरुद्ध हो (एफिसी ६:१२-१३) भनेर पावलले जिकिर गर्दछन्। ती दुष्टका शक्तिहरूलाई चलाख सेनापति सैतानले नेतृत्व गरिरहेको छ (एफिसी ६:११)। हाम्रो शक्तिशाली शत्रुको फौज र चर्तिकलाहरूप्रति हामी सजग हुनुपरेतापनि तिनीहरूबाट हामी झुक्नु आवश्यक छैन। प्रत्येक युद्धमा परमेश्वर हाम्रो साथमा हुनुहुन्छ (एफिसी ६:१०) र उहाँको अत्यन्तै शक्तिशाली अस्त्र-शस्त्रहरू हामीलाई उपलब्ध गराइएको छ (एफिसी ६:११; यशैया ५९:१५-१७)। उहाँले हामीलाई उहाँको सत्य, धार्मिकता, शान्ति, विश्वास, मुक्ति र पवित्र आत्माले हामीलाई सुसज्जित पार्नुभएको छ (एफिसी ६:१३-१७)। हामीसँग लाग्गु हुने परमेश्वर र हाम्रो शिरदेखि पाइटालासम्म अस्त्र

भिराइदिएकोले हामी सैतानसँगको युद्धमा पराजित हुन आवश्यकता छैन (रोमी १६:२०; १ कोरन्थी १५:२३,२४; २ थेस्सोलिनिकी २:८)।

**हाम्रो बिरुद्धमा अदृश्य आत्मिक, आध्यात्मिक शक्तिहरू जुटेकाछन् भन्ने वास्तविकता काल्पनिक होइन। त्यसको सामना गर्न हामी निरिह छौं। त्यसकारण ती शक्तिहरूसँग भिड्न र परास्त्र गर्न प्रत्येक क्षण प्रभु येशूलाई किन पक्रिराख्नुपर्छ किनकि उहाँ ती सबै शक्तिहरूभन्दा महान् मात्र होइन तिनीहरूलाई परास्त्र पनि गर्नुभएको थियो?**

## उपसंहार

**थप जानकारीः** "हाम्रो काम भनेको आक्रामक खालको छ, र येशूको बफादारी सैनिकहरू भएको कारणले उहाँको रगताम्य झण्डामुनि रहेर शत्रुको प्रत्येक किल्लामा लड्न सक्नुपर्छ। "हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टयाइँका आत्मिक सेनाहरूका विरुद्ध हो। यसैकारण परमेश्‍वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ।" यदि हामीले हाम्रा हतियारसहित आत्मसमर्पण गऱ्यौं, रगताम्य झण्डालाई झुकायौं र सैतानको बन्दी र दासहरू हुन पुग्यौं भने हामी संघर्ष र कष्टबाट राहत त पाऔंला। तर त्यो शान्ति हामीले येशू र अनन्त जीवनबिनाको मोलमा पाएका हुन्छौं। ती सर्तहरूमा हामीले शान्तिलाई स्वीकार गर्न चाहन्दैनौं। त्यसकारण युद्ध गर्दै जाऔं। संसारको वा (हाम्रै) इतिहास अन्तसम्म संग्राम गर्दै जाऔं, तर आत्मिक, नैतिक र चारित्रिक हत्या र पापीको मोलमा हामीलाई त्यस्तो शान्ति चाहिन्दैन।—एलेन जी ह्वाइट, *द रिभ्यु एण्ड हेराल्ड,* मे ८, १८८८।

प्रकाशको पुस्तकसँग एफिसी ६:१०-२० को सम्बन्ध के छ ? यस अंशमा अन्तिम युग वा येशू आउनुभन्दा अघिका त्यही घट्नाहरूलाई देखाउँदछ। प्रकाशको पुस्तकमा युद्धका आवाजहरू घन्किएको पाइन्छ (प्रकाश १२, १६:१२-१६, १९:१७-२१)। दुवैमा, परमेश्‍वरका जनहरूलाई स्वर्गिय स्थाहरूमा भएका शत्रुले हमला गरिरहेकाछन्। यो शक्ति युगौं युगसम्म सक्रिय र शक्तिशाली छ। दुवैमा परमेश्‍वरका जनहरूलाई भविष्यको युगको निम्ति अघि सरिरहन उत्साह दिएको छ।

अझ "दुवै एफिसी र प्रकाशको पुस्तकले अन्तिम युद्धलाई औंल्याउँछ जब शत्रुलाई पूरै परास्त्र गरिनेछ र सदाको निम्ति नयाँ युगको स्थापना हुनेछ," त्यो नयाँ युगमा परमेश्वरका जनहरू अन्तिम महिमित स्थितिमा हुनेछन् र शत्रु सदाको निम्ति बिनाश हुनेछ। यो प्रतिज्ञा प्रमाणित गरेर नै देखाउनेछ। (योर्डन कालेभझेकोभ, *इस्काटोलोजी अभ एफिसियनस्,* ओसिजेक, क्रोशियः इभन्जसलिकल थियोलोजिकल सेमिनारी,२००५, पृ. २१७, २३३-२३५)।

**चिन्तनमनन:**

अ. अन्धकारको शक्तिसँग तपाईंले स्पष्टरूपमा कहिले सामना गर्नुभएको थियो? ती समयहरूमा तपाईंको के रणनीतिहरूले सहयोग गरेका थिए?

आ. एफिसी ६:१०-२०को बारेमा तपाईंलाई थाहा नै भएको परिवेशमा कुनै व्यक्तिलाई दुष्टको शक्तिले (एफिसी ६:१२) दवाइरहेकोलाई तपाईंले कसरी सेवा गर्न सक्नुहुन्छ?

इ. सैतान र उसका खराब तत्वका युक्तिहरूलाई हामीले कसरी पहिचान गर्ने र त्यसबाट सुरक्षित हुने? कतिपय समयमा तपाईं धेरै पापी, भ्रष्ट भएको महसुस गरि तपाईंले आफ्नो विश्वासलाई त्याग्न तयार हुनुभएको होला। तपाईंको दिमागमा त्यो सोच कसले राखेको छ- येशूले कि अन्धकारका शक्तिहरूले? यस्तो समयमा येशूमा भएको अचम्मका प्रतिज्ञाहरूलाई तपाईंले दावी गर्नु किन जरुरी छ?

# कथा १२

# निकाशा नै देखिएन

## बाइबा, लाटाभिया



खेलकुद नै बाइबाको तिब्र चाहना थियो। खेलकुदहरूमा सरिक हुन उनले सबै थोक सुम्पेकी थिइन्। उनलाई विशेष गरेर बास्केटबल मन परेको थियो। उनका प्रशिक्षकहरूलाई पनि उनले धेरै मन पराएकी थिइन्। जब जब प्रतिस्पर्धामा भाग लिन्थिन् त्यसबेला आफू जित्ने आशामा थिइन् र त्यसको निम्ति उनी जे गर्न पनि तयार थिइन्।

बाइबा सेभेन्थ-डे घरपरिवारमा जन्मेकी थिइन्। जब उनी बप्तिस्माको निम्ति तयार गर्दै थिइन् तब बास्केटबल खेल्न रोक्नुपर्ने महसुस गरिन्। धेरै जसो खेलहरू शनिबार हुन्थ्यो। आफूले साबथलाई पालन गरेर परमेश्वरको इज्जत राख्न उनले चाहेकी थिइन्।

आफ्नो देश लाटाभियाम त्यस १६ वर्षकी किशोरीले ठूलो चुनौतिको सामना गर्नुपरेको थियो। खेलकुद नै उनको जीवन थियो। अब आफ्ना प्रशिक्षकहरूलाई यो सन्देश दिन उनलाई वाध्य भयो। यो एकदम पीडादायी थियो। प्रशिक्षकहरू उनका निम्ति बाबुआमा जस्तै थिए। तिनीहरूले उनलाई तालिम दिन धेरै समय र उर्जा लगानी गरेका थिए। उनले आफ्ना साथीहरूलाई पनि भन्न कर लाग्यो। उनी टिमको क्याप्टेन पनि थिइन्। उनको सहभाग बिना बास्केटबलको प्रतिस्पर्धात्मक खेलमा उनका साथीहरूले धेरै चुनौतीको सामना गर्नुपर्ने पनि उनले महसुस गरिन्। उनले प्रार्थना गरिन्, "प्रभु, म तिनीहरूलाई कसरी भन्ने?" उनले निकाशा नै पाउने देखिनन्। अनि यस किशोरीले एक साबथमा आफ्नो अन्तिम खेल खेल्ने निर्णय गरिन्। अनि खेलको बिचमा आफू आफ्नो दराजको अगाडि एक्लै उभिरहेकी भेट्टाइन्। उनलाई के गरुँ के गरुँ भयो। उनको बिवेकले उनलाई घचघचाइरहेको थियो। उनी घुँडा टेकेर प्रार्थना गरिन्, "प्रभु, केही न केही त गर्नुहोस्। अबदेखि साबथमा बास्केटबल खेल्न चाहँदिन। म तपाईंको पछि लाग्न चाहन्छु। तर मेरा प्रशिक्षकहरूलाई कसरी भन्ने सो मलाई थाहा भएन। यो

तिनीहरूको निम्ति पीडादायक हुन सक्छ। तर म तपाईंलाई यो बाचा गर्दछु कि यो साबथ मेरो अन्तिम खेल हुनेछ।" तर त्यसबाट निकाशा पाउने उनले देखिनन्। प्रार्थन गरेपछि उनी बिसन्चो भइन्। प्रशिक्षकहरूले उनलाई जाँचे र उनको रक्तचाप २०० भएको थाहा पाए। त्यो अत्यन्तै ठूलो रक्तचाप थियो। उनलाई अस्पतालमा भर्ना गरियो। विभिन्न श्रृङ्खलाको जाँचपछि डाक्टरले उनलाई चकित पार्ने गरेर सन्देश दिए, "तिमी केवल एउटामात्र मृगौला बोकेर जन्मेका हौ। अब देखि तिमीले बास्केटबल खेल्न सक्दैनौ।" आफूले के सुनिरहेको छ सो बाइबालाई विश्वासै गर्न सकिनन्। आफ्नो समस्याबाट निकासा परमेश्वरले नै उपलब्ध गराउनुभएको थियो। आफ्नो मृगौला केवल एउटामात्र भएको उनलाई रमाइलो त मानिनन्। आफू खेलमा सहभागी हुन असमर्थ भएको उनका प्रशिक्षक र साथीहरूलाई सुनाइन्। त्यस समाचारदेखि तिनीहरूले दुःख त माने तर तिनीहरूले बुझेर सहानुभुति देखाए।

परमेश्वरले नै निकाशा गरिदिनुभएकोमा बाइबा उहाँप्रति आभारित त भइन् तर आफूलाई मन पर्ने खेलकुदबाट अलग हुनुपर्दा उनलाई ठूलो दुख लागेको थियो। खेलकुद नै उनको निम्ति जीवन थियो। तर, खेलकुदभन्दा आफूले उत्तम थोक पाएको उनी खुशी भइन्। उनले येशूलाई पाएकी थिइन्। उनले प्रार्थना गरिन्, "प्रभु, मेरो जीवनमा कुनै नयाँ थोक दिनुहोस् किनकि म अब खेलकुदमा भाग लिन सक्दिनँ।"

प्रार्थना गरेको केही समयमा नै उनको साथीले उनलाई गितार खेल्न दिइन्। बाइबाले गितार पहिला कहिल्यै पनि खेलेकी थिइनन्। अलि अलि गितारको कोर्ड बजाएर गीत गाउन थालिन्। उनलाई गाऱ्हो भएन। सानोतिनो गीतहरू गितारको सहायताले गाउन सकेकी आफूले महसुस गरिन्। उनी धेरै खुशी भइन्। उनलाई थाहा थिएन कि उनलाई येशूले सङ्गीतको प्रतिभा दिनुभएको थियो।

यो कथा लेखुञ्जेल बाइबा ४२ वर्षकी थिइन्। बास्कटेबल आफूले खेल्न नपाएतापनि अरू खेलहरूमा भाग लिन सक्ने भएकी थिइन्।

"मेरो केवल एउटामात्र मृगौला भएकोले मेरो खेलकुदमा भाग लिन नसक्ने होइन रहेछ। हिंउमा स्की खेल्न र अरू खेलकुदमा म अझै पनि भाग लिन सक्छु," अत्यन्तै हर्षित भएर बाइबाले यस लेखकलाई बताइन्।

*-आन्ड्र्यु मेकचेसस्नी*